**नेपाली / *NEPALI***

विषय: खोपको योग्यता बढ्यो; खोप लगाउने समय कसरी बनाउने

*यस सन्देशमा समेटिएको छ*

- *खोपको योग्यता बढ्यो*
- *खोप लगाउने समय कसरी बनाउने*
- *तपाईंले पूरा रूपमा खोप लगाउनु भएपछि*

हामी सेमेस्टरको अन्तिम हप्ताहरूमा पुग्ने क्रममा, हामी *COVID-19* विरूद्धको लडाईमा भएका प्रगतिको महत्त्वपूर्ण सङ्केतहरू मनाउन सक्छौं:

- १५,००० भन्दा बढी कर्मचारी र विद्यार्थीहरूले खोपको कम्तिमा पनि एउटा डोज पाएका छन्

- यस हप्ता, नियमित क्याम्पसको *COVID-19* परीक्षणबाट छूट पाउने पूरा रूपमा खोप लगाएका विद्यार्थी र कर्मचारीहरूको सङ्ख्या १०,००० पार गर्ने अपेक्षा गर्दछौं (डोजको खोप वा दुईवटा डोजको खोपको दोस्रो डोज पाएको कम्तिमा २ हप्ता पछि)

- डेन काउन्टीमा लगभग १६ वर्ष उमेर र माथिका आधा व्यक्तिहरूले खोपको कम्तिमा एउटा डोज पाईसकेका छन् – काउन्टीले आशा गर्दछ कि मे ५ सम्ममा यो सङ्ख्या ८० प्रतिशतसम्म पुग्न सक्दछ

पूरा रूपमा खोप लगाउनाले अझै धेरै सुरक्षित गतिविधिहरूको बाटो खोलेतापनि, हाम्रो क्याम्पस समुदायमा अझै धेरै सदस्यहरूले पूरा रूपमा खोप नलगाएसम्म, **सबैले - पूरा रूपमा खोप लगाएकाले पनि - अनुहार ढाक्ने र भौतिक दूरी कायम राख्ने जस्ता सावधानी अपनाउन जारी राख्न महत्त्वपूर्ण छ।**

यो विशेष गरी महत्त्वपूर्ण छ किनकि **हामीले क्याम्पसमा र बाहिर पोजिटिभ केसहरू बढेको देख्न थालेका छौं** र ***COVID-19* को अत्यधिक सङ्क्रामक प्रजातिहरू राष्ट्र र विस्कनसिन भित्र फैलन जारी छ**।

## खोपको योग्यता बढ्यो

यस हप्ता, विस्कन्सिनमा बस्ने, काम गर्ने वा अध्ययन गर्ने सबै जो कम्तिमा १६ बर्षको उमेरका छन्, ती व्यक्तिहरू *COVID-19* खोप लगाउने समय बनाउन योग्य छन्।

हामी तपाईंलाई *COVID-19* को खोप खोज्न दृढतापूर्वक प्रोत्साहन गर्दछौं। यसले तपाईंको मात्र सुरक्षा गर्दैन, तपाईं वरपरका मानिसहरूलाई पनि सुरक्षा दिँदछ, जसमा गम्भीर बिरामी वा मृत्युको जोखिममा रहेका व्यक्तिहरू समावेश छन्। संयुक्त राज्य अमेरिकामा बस्ने जोसुकैले पनि उनीहरूको आप्रवासन वा स्वास्थ्य स्थितिलाई ध्यान नदिई खोप निःशुल्क लगाउन सक्दछन्।

## खोप लगाउने समय कसरी बनाउने

- हामी तपाईंलाई राज्यभरीका फार्मेसीहरू र स्वास्थ्य सेवा प्रदायकहरू सहित **खोप पाउने जुनसुकै ठाउँमा खोप लगाउन प्रोत्साहन गर्दछौं।** *Centers for Disease Control and Prevention* ले खोप खोज्ने उपकरण प्रदान गर्दछ: https://vaccinefinder.org/
- ***Wisconsin Department of Health Services registry*** **मा साइन अप गर्नुहोस्।** एकपटक तपाईंले दर्ता गर्नुभएपछि, *DHS* ले तपाईंलाई क्याम्पस बाहिर खोप लगाउने समय बनाउने विकल्पहरूको साथ ईमेल पठाउनेछ। उनीहरूले क्याम्पसमा खोप लगाउने समयको विकल्पहरूको बारेमा ईमेल पठाउने छैनन्।
- *UHS* ले पनि *COVID-19* को खोप लगाउने समयहरू प्रदान गर्दैछ, तर हामीले राज्यबाट खोपहरूको सीमित आपूर्ति पाईरहेका छौं र हामीले चाहेको जति खोप लगाउने समय प्रदान गर्न सक्दैनौं। ***UHS*** **ले तपाईंलाई ईमेल गर्दैन खोप लगाउने समय उपलब्ध हुँदा** ***UHS*** **ले तपाईंलाई ईमेल पठाउने छैन - खोप लगाउने समय बनाउन तपाईंले** ***MyUHS portal*** **मा हेर्नु पर्नेछ।** जहिले सम्भव, तपाईंले कुन खोप लगाउन चाहनु हुन्छ रोज्न सक्नु हुँदछ (तपाईंले खोजेको समयमा उपलब्ध हुने आधारमा)।
- यदि तपाईंले पहिलो पटक हेर्दा *UHS* मा कुनै खोप लगाउने समय उपलब्ध छैनन् भने, **कृपया हेर्न जारी राख्नुहोला; खोप उपलब्ध हुने बित्तिकै खोप लगाउने समय थपिन्छन्।** नयाँ खोप लगाउने समयहरू प्राय: हप्ताको बीचमा उपलब्ध हुँदछन्। कहिलेकाँही *MyUHS portal* क्याम्पस बाहिरका खोप लगाउने समयको जानकारी पनि हुँदछन्।

## तपाईंले पूरा रूपमा खोप लगाउनु भएपछि

- यदि तपाईंले क्याम्पसमा खोप लगाउनु भएको छ भने, तपाईंको खोपको रेकर्ड तपाईंको *MyUHS portal* मा उपलब्ध हुनेछ। तपाईंले नियमित क्याम्पस परीक्षणबाट छूत पाउन थप कार्यहरू गर्नुपर्दैन।
- यदि तपाईंले क्याम्पस बाहिर खोप लगाउनु भएको छ भने, कृपया **तपाईंको खोपको रेकर्ड खोपको श्रृंखला पूरा भएपछि** ***MyUHS*** **मा अपलोड गर्नुहोला।** *MyUHS* मा तपाईंको रेकर्ड देखिन ५ व्यवासायिक दिन हरूसम्म लाग्न सक्दछ। तपाईंको रेकर्ड साझा गर्नुहुँदा तपाईंले क्याम्पसका अगुवाहरूलाई क्याम्पस समुदाय कति सुरक्षित छ भनेर बुझ्न र क्याम्पस परिचालनको बारेमा निर्णय लिने क्षमता बढाउन सहयोग गर्नुहुँदछ।
- नियमित क्याम्पस *COVID-19* परीक्षणबाट तपाईंले पाउनु हुने छोट तपाईंको खोपको अन्तिम डोज भन्दा दुई हप्ता पछि लागू हुनेछ।

## सहयोग कसरी पाउने

- यदि तपाईंसँग धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका प्रश्नहरू छन् भने covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।